# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७९ माघ। वर्ष १२ अंक १ (डिजिटल अंक)



**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

# १७ वर्षमा प्रवेश




"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ" भन्ने नाराका साथ २०६३ साल पौष १९ गतेदेखि सञ्चालन भएको मुक्तिनाथ विकास बैंक २०७९ पौष १९ गते १७ वर्षमा प्रवेश गरेको छ। यस अवसरमा विभिन्न सामाजिक कार्यक्रमहरू सम्पन्न भएका छन्। यस दिन बैंकले डिजिटल माध्यमद्वारा एकैसाथ १३ वटा नयाँ शाखा तथा एक्सटेन्सन काउन्टरहरूको केन्द्रीय कार्यालयबाटै औपचारिक रूपमा समुद्घाटन गरेको छ। उक्त कार्यक्रममा १७ औं वर्षको सहयात्रामा साथ दिनुहुने सेयरधनीहरू, ग्राहक महानुभावहरू, नियमक निकायहरू, कर्मचारीहरू तथा शुभचिन्तकहरूलाई बैंकका अध्यक्ष श्री भरत राज ढकालले धन्यवाद दिनुभएको थियो।

उद्घाटन मन्तव्य राख्दै अध्यक्ष श्री ढकालले सदैव गुणस्तरीय सेवा प्रदान गर्दै अगाडी बढ्ने र विभिन्न वित्तीय तथा गैरवित्तीय सेवाको माध्यमद्वारा देशको अर्थतन्त्र र विकासमा बैंकले योगदान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सोही कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले बैंकले हासिल गरेका उपलब्धी, बर्तमान चुनौतीका साथै भावी रणनीतिको बारेमा प्रकाश पार्दै सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न अभियानहरू सञ्चालनमा ल्याएको बताउनु भयो। सामाजिक कार्यक्रमहरू अन्तर्गत देशका विभिन्न स्थानमा रक्तदान कार्यक्रम गरी १७४ युनिट रगत संकलन, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक सामग्रीहरू वितरण, सामुदायिक अस्पताल निर्माणको लागि सहकार्य, स्वच्छ पिउने पानी व्यवस्थापनको लागि सहयोग, जेष्ठ नागरिक, अनाथ तथा बालबालिकाहरूको क्षेत्रमा कार्य गर्ने मानव आश्रमहरूमा सहयोग, आत्मनिर्भरता बढाउन "मुक्तिनाथ आत्मनिर्भर ग्रीन प्रोजेक्ट" सम्बन्धी सामाग्री हस्तान्तरण र न्यानो कपडा वितरण गर्ने जस्ता विभिन्न कार्यहरू गरिएको छ।









# मुक्तिनाथ आत्मनिर्भर ग्रीन प्रोजेक्ट

मुक्तिनाथ विकास बैंक लि.ले १६ औं वर्ष सफलतापूर्वक पुरा गरी १७ औं वर्षमा प्रवेश गरेसँगै दिगो विकासमा टेवा पुग्ने गरी **"मुक्तिनाथ आत्मनिर्भर ग्रीन प्रोजेक्ट"** संचालन गरेको छ ।

यस अभियान अन्तर्गत बैंकले देशभरका विभिन्न अनाथालय तथा वृद्धाश्रमहरू छनौट गरी आवश्यकता अनुसार थोपा सिंचाई, करेसा बारीको निर्माण, तरकारीहरूको बीउ तथा कुहिने फोहोर व्यवस्थापनका लागि चाहिने डिकम्पोजर हस्तान्तरण गरेको छ । दैनिकरूपमा आवश्यक पर्ने तरकारी तथा मल आश्रम भित्रै उत्पादन गरी आत्मनिर्भरतालाई प्रोत्साहन गर्न बैंकले यो अभियानको सुरूवात गरेको हो । यसबाट संस्थामा आबद्धहुने सदस्यहरूमा कृषि र फोहोर व्यवस्थापनको बारे जागरूकता सिर्जना हुने समेत बैंकले विश्वास लिएको छ ।








# Explore with *Muktinath Family*





"Peaceful serenity captured at Fewa Lake, where the tranquil waters of Pokhara, reflect the majestic beauty of Nepal"

Captured by **Namrata Gautam** (Branding & Corporate Affairs Department)



"Embarking on a spiritual journey, a majestic foot stands giant along the enchanting path to Champadevi hike"

Picture by **Nikita Chhetri Khadka** (Branding & Corporate Affairs Department)



"In the embrace of darkness, the Boudhanath stupa illuminates the night, radiating a tranquil and sacred aura. As the moonlight dances upon its ancient structure, feel the serenity and spirituality that permeate the air. A moment of quiet reflection under the stars"

Picture by **Shweta Rai** (Impact Banking Unit)





"Gazing upon the ethereal Panchpokhari lake, nestled among the hills, one can't help but be captivated by its pristine beauty. A hidden gem waiting to be discovered, it invites you to embrace the serenity of nature's untouched marvels."

Captured by **Lila Thapa** (Legal Department)


# Explore with *Muktinath Family*





"As the first rays of the morning sun caress the earth, the majestic peaks of Mt. Machhapuchhre and Mt. Annapurna come to life, casting their majestic reflection. A breathtaking symphony of nature's grandeur and serenity, inviting you to embrace the beauty of a new day."

Picture by **Avash Khanal** (Branding & Corporate Affairs Department)





"Amidst the mist and clouds, perched atop the hill of Indradaha, a surreal panorama unfolds. Nature's veiled beauty reveals itself in the soft embrace of the clouds, creating an enchanting tapestry of mystery and tranquility."

Captured by **Dibesh Maharjan**
( Treasury Department)





"Embracing the dawn's first light atop Poonhill, as the sun majestically paints the sky in hues of gold and rose. A breathtaking spectacle, where nature's canvas meets the horizon, filling your heart with awe and gratitude. Rise and shine!"

Picture by **Pragalv Neupane** (Integrated Risk Management Department)

# श्री लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई सहयोग

मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत पोखरा महानगरपालिका-३०, खुदी, ढुङ्गेपाटन स्थित श्री लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई ५,००० लिटरको एक थान ट्याङ्की खरिद गर्नका लागि रू. ५५,०६९।- बराबरको आर्थिक सहयोग गरेको छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा बैंकको तर्फबाट गण्डकी प्रदेश प्रमुख श्री शंकर के.सी, बुढीबजारका शाखा प्रमुख श्री रामचन्द्र रानाभाट र अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो भने श्री लेखनाथ खानेपानी उपभोक्त संस्थाका तर्फबाट अध्यक्ष श्री मुरारी शर्मा र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो ।

यो सहयोगबाट स्थानीय नागरिकहरूलाई शुद्ध पिउने पानी उपलब्ध हुने विश्वास गरिएको छ ।



# पुरस्कार र सम्मान

## "द बिज अवार्ड २०२२" बाट सम्मानित

WORLD CONFEDERATION OF BUSINESS -WORLDCOB द्वारा **"द बिज अवार्ड २०२२"** अन्तर्गत BUSINESS EXCELLENCE CERTIFICATE मुक्तिनाथ विकास बैंकले प्राप्त गरेको छ । उक्त संस्थाले विश्वभरीका १३० वटा देशहरूका ३,५०० भन्दा बढी व्यापारीक संस्थाहरूको प्रतिनिधित्व गर्दै आएको छ ।

यस सम्मानले बैंकलाई भविष्यमा आफ्नो सेवालाई थप उत्कृष्ठ बनाउन र ग्राहकहरूको लागि नविनतम सेवाहरू ल्याउन उत्साहित बनाएको छ । बैंकले यस अघि **युरोपियन माइक्रोफाइनान्स अवार्ड २०२०** समेत प्राप्त गरेको थियो भने **"ग्लोबल एसएमई अवार्ड २०२१"** को SME Financier of The Year- Asia विधामा पनि बैंक सम्मानित भएको थियो ।


ONE WORLD ONE AWARD
The bizz AWARDS

BUSINESS EXCELLENCE CERTIFICATE
AWARDED TO

MUKTINATH BIKAS BANK LTD.

For being a company leader that has consistently demonstrated business excellence.

Given in the city of Houston, Texas in July of the year two thousand and twenty-two

WORLD CONFEDERATION OF BUSINESSES
PRESIDENT
JESUS J. MORAN

WORLD CONFEDERATION OF BUSINESSES
VICE PRESIDENT
MICHAEL L. BELLIDO

## "कर्पोरेट बिजनेस एक्सेलेन्सी अवार्ड" बाट पुरस्कृत



कर्पोरेट म्यागजिनद्वारा आयोजित **"कर्पोरेट बिजनेस एक्सीलेन्सी अवार्ड २०२२"** बाट मुक्तिनाथ विकास बैंक सम्मानित भएको छ ।

काठमाडौंमा २०७९ साउन ०३ गते आयोजना भएको एक समारोहमा मुक्तिनाथ विकास बैंक उत्कृष्ट विकास बैंकको वर्गमा पुरस्कृत भएको छ । उक्त सम्मान बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले ग्रहण गर्नुभएको थियो । उक्त पुरस्कार बैंकले प्रदान गरी रहेको उत्कृष्ट सेवाको प्रतिफलको रूपमा लिएको छ ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा लगातार तेस्रो पटक पुरस्कृत

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले हरेक वर्ष नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) प्रणाली अन्तर्गत वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरूलाई प्रदान गर्दै आएको विभिन्न विधाहरूमध्ये "वित्तीय क्षेत्र" तर्फ आर्थिक वर्ष २०७७/०७८ को लागि उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार (Best Presented Annual Report Award,2021) मुक्तिनाथ विकास बैंकले प्राप्त गरेको छ। यो पुरस्कार यो विकास बैंकले आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ गरी लगातार तीन पटक प्राप्त गरेको छ ।




नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले Best Presented Annual Report Award विभिन्न ५ विधामा प्रदान गर्दछ । विकास बैंक र वित्त कम्पनीहरू समूह मध्येबाट यो विकास बैंकले पुरस्कार प्राप्त गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संस्थाको नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षको सपथ ग्रहण समारोहमा उक्त पुरस्कार प्रदान गरेको थियो ।

## SAFA BPA Award "Certificate of Merit" बाट सम्मानित

काठमाडौमा सम्पन्न दक्षिण एशियाली फेडरेसन अफ एकाउन्टेन्ट्स (SAFA) Best Presented Annual Report अवार्डस् २०२१, अन्तर्गत मुक्तिनाथ विकास बैंक, वित्तीय सेवा (Financial Services) तर्फ बाट "Certificate of Merit" द्वारा सम्मानित भएको छ ।

वित्तीय सेवा क्षेत्रहरू मध्येबाट नेपालको मुक्तिनाथ विकास बैंकले यो सम्मान प्राप्त गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले यो बैंकको वार्षिक प्रतिवेदन मूल्याङ्कनको लागि दक्षिण एशियाली फेडरेसन अफ एकाउन्टेन्ट्समा पठाएको थियो । वार्षिक प्रतिवेदनको पारदर्शिता र प्रस्तुतिलाई मुख्य प्रथामिकता दिने गरिन्छ ।



# मुक्तिनाथ विकास बैंकको
# वृहत घरदैलो कार्यक्रम

**"वित्तीय पहूँच र साक्षरताको लागि शनिवार"** अभियान अन्तर्गत मुक्तिनाथ विकास बैंक लि.ले २०७९ भदौं २५ गते शनिबारका दिन ग्राहक महानुभावहरूमा वित्तीय पहूँच र साक्षरता पुऱ्याउन देशभर रहेको सबै कार्यालयहरूको कर्मचारीहरू सहभगी भई बृहत घर दैलो कार्यक्रम सम्पन्न गरेको छ ।

यो अभियानमा बैंकको अध्यक्ष, सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत, उच्च



व्यवस्थापनका कर्मचारीहरू लगायत अधिकांश कर्मचारीहरू र संस्थापक सेयरधनीहरू समेतको सहभागीता रहेको थियो । बैंकले आयोजना गरेको घरदैलो कार्यक्रमले सेवा सुविधाका बारेमा जानकारी दिने मात्र नभई वित्तीय पहूँच र साक्षरता बढाउने उद्देश्य कार्यक्रमले लिएको छ । यो कार्यक्रमबाट ग्राहक महानुभावहरूले बैंकिङ्ग सेवा बारे रहेका जिज्ञाशाहरूको उत्तर घरै बसेर पाउने अवसर प्राप्त भएको थियो ।







# महिला उद्यमीहरूलाई सम्मान



मुक्तिनाथ विकास बैंकले यस आर्थिक वर्ष २०७९/०८० मा आफ्नो कार्यक्षेत्र भित्रका ५० वटा स्थानहरूमा लघु बैंकिङ्ग कार्यक्रममा आवद्ध सदस्यहरूलाई केन्द्रगोष्ठी तथा वित्तीय साक्षरता कायक्रम आयोजना गरेको थियो । उत्कृष्ट महिला उद्यमीहरूलाई सम्मान तथा उनीहरूलाई आफ्नो व्यवसाय विस्तार तथा व्यवस्थापन गर्नका लागि वित्तीय ज्ञान र वित्तीय प्रणालीको बारे जानकारी दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रममा स्थानीय निकायका पदाधिकारीहरू, स्थानीय भद्रभलाद्मीहरू र विभिन्न पेशामा आवद्ध हुनुभएका महिला उद्यमीहरू सहित करिव ३,५०० जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लघु बैंकिङ्ग अन्तर्गत कृषी, पशुपालन तथा साना उद्यमहरू संचालन गरिरहेका उत्कृष्ट २६४ जना महिला उद्यमीहरूलाई सम्मान गरिएको थियो ।



यो कार्यक्रमले महिला सशक्तिकरण, वित्तीय ज्ञान र "देश विकासको प्रमुख आधार, कृषिमा व्यवसायिक सुधार" भन्ने अभियानलाई प्राथमिकतामा राखी मुक्तिनाथ कृषि कम्पनीका पदाधिकारीहरूको उपस्थितिमा स्थानीय किसानहरूको समस्या सुन्ने, समस्या समाधान गर्ने र कृषि पेशालाई सम्मानित पेशाको रूपमा विकास गर्ने उपायहरू सिकाउने कार्य पनि भएको थियो ।

अहिलेको २१ औं शताब्दीमा देशको आर्थिक विकासमा नारीहरूको भूमिका महत्वपूर्ण रहने भएकोले, नारीलाई घर भित्रको कामहरूमा मात्र सीमित नगरी, सही वातावरण र अवसर समयमै प्रदान गर्न सकियो भने नारीहरूले जस्तो सुकै कार्यहरू र जिम्मेवारी सम्हाल्ने क्षमता राख्नेछन् भन्ने सोचले उनीहरूको मनोवल उच्च राख्नका लागि बैंकले समय समयमा यस्ता कार्यक्रमहरू गर्दै आएको छ ।

# कृषि पेशालाई सम्मानित पेशा बनाउने मुक्तिनाथको अभियान

"गाउँको उत्पादन शहरमा, शहरको पूँजी गाउँमा" भन्ने अभियान अन्तर्गत "गाउँ गाउँ सहकारी, घरघर रोजगारी"लाई मूलमन्त्र बनाई मुक्तिनाथ विकास बैंकले विषयगत र बहुउद्देश्यीय कृषि सहकारी मार्फत आम जनसमुदायलाई समेटी उद्यमशीता विकास गर्ने र कृषि पेशालाई सम्मानित पेशाको रूपमा विकसित गराउने अभियान सुरू गरेको छ। पहिलो चरणमा स्याङ्जा, कास्की र तनहूँलाई केन्द्रविन्दु बनाई कार्य थालनी गरेको बैंकले हालै मात्र स्याङ्जाको हरिनाश गाउँपालिकामा दग्दी मुक्तिनाथ वडा अध्यक्ष, स्थानीय बुद्धिजिबी, समाजसेवी, कृषक, उद्यमी लगायत स्थानीय बासिन्दाको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा मुक्तिनाथ विकास बैंकको तर्फबाट समुदाय स्तरीय सहकारी शिक्षा र मुक्तिनाथ कृषि कम्पनीको तर्फबाट कृषि प्रविधि हस्तान्तरण र साक्षरता प्रशिक्षण पनि संचालन गरिएको थियो । प्रशिक्षणको सहजिकरण मुक्तिनाथ विकास बैंकका अधिकृत श्री सन्तोष रोका र मुक्तिनाथ कृषि कम्पनीका प्रबन्धक श्री भुमीराज भण्डारीले गर्नुभएको थियो । लगायतका उत्पादनका साधनहरू र आवश्यक प्रविधिक सामाग्री तथा परामर्शहरू मुक्तिनाथ कृषि कम्पनीसँग सहकार्य गरी उपलब्ध गराउनेछ। साथै, कृषक तथा उद्यमीहरूले उत्पादन गरेका सम्पूर्ण सामाग्रीहरू सहकारी मार्फत संकलन गरी मुक्तिनाथ कृषि कम्पनीले उपभोक्ताहरूसम्म पुऱ्याउनेछ ।

यस किसिमको कार्य नेपालमै पहिलो पटक मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीको सहकार्यमा हुन गईरहेको हुँदा, यसले भविष्यमा




बहुद्देश्यीय कृषि सहकारी संस्था लि., कास्कीको माछापुच्छ्रे गाउँपालिकामा माछापुच्छ्रे मुक्तिनाथ बहुउद्देश्यीय कृषि सहकारी संस्था लि. र तनहूँको भानु नगरपालिकामा मिर्लुङ्कोट मुक्तिनाथ बहुउद्देश्यीय कृषि सहकारी संस्था लि.को नाममा आम जनभेला गरी तदर्थ समिति गठन गरी स्थानीय स्तरमा सहकारी दर्ता प्रकृया अघि बढाएको छ । मुक्तिनाथ विकास बैंक लि.तथा मुक्तिनाथ कृषि कम्पनी लि.का अध्यक्ष श्री भरतराज ढकालको अध्यक्षतामा आयोजित आम जनभेलामा सम्बन्धित स्थानीय निकायका प्रमुख, उपप्रमुख, सहकारी दर्ता पश्चात उक्त सहकारी संस्थाले स्थानीय कृषक तथा उद्यमीहरूलाई मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीसंग जोड्ने पुलको काम गर्नेछ । सहकारीको माध्यमबाट उत्पादकदेखि उपभोक्तासम्मको मूल्य श्रृङ्खला निर्माण हुनेछ । सहकारीमा आबद्ध सेयर सदस्यहरूलाई आफ्नो परियोजना संचालनका लागि आवश्यक पूँजीको ब्यवस्था मुक्तिनाथ विकास बैंकले सहकारी मार्फत उपलब्ध गराउनेछ । कृषकहरूलाई आवश्यक कृषि सम्बन्धी तालिम, प्रशिक्षण, बीउविजन, विषाधी कृषि पेशा सम्मानित पेशाको रूपमा विकसित भई हरेक घरमा रोजगारी श्रृजना हुने देखिएको छ । प्रविधियुक्त कृषिमा व्यवसायिकरण भएपछि शिक्षित युवाहरूको समेत अकर्षण बढ्ने हुँदा विदेशिने युवाको संख्यामा कमी आउनुको साथै भविष्यमा अर्थतन्त्रमा नै यसले ठूलो योगदान पुऱ्याउने छ । भेलामा उपस्थित स्थानीय जनप्रतिनिधि तथा स्थानीय ब्यक्तिहरूबाट कृषि क्षेत्रलाई प्राथमिकतामा राखी ल्याइएको यस कामको प्रशंशा गर्दै सफल बनाउन सहयोग गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।

# डा. भगवान कोईरालासँग बैंकको सहकार्य

मुक्तिनाथ विकास बैंक लि. ले आफ्नो स्थापनाको १६औं वर्ष पुरा गरी १७औं वर्ष प्रवेश गरेको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत डा. भगवान काईरालाको अध्यक्षतामा संचालित गैर नाफामूलक संस्था Kathmandu Institute of Child Health संग सम्झौता गरेको छ । बैंकको तर्फबाट अध्यक्ष श्री भरत राज ढकाल र संस्थाको तर्फबाट प्रोफेसर डा. भगवान कोईरालाले हस्ताक्षर गर्नुभएको उक्त सम्झौता बमोजिम झापा जिल्ला दमक स्थित निर्माणाधिन बाल अस्पताल निर्माणको लागि बैंकले रू. ५ लाख सहयोग गर्नेछ ।

बैंकले गरेको यस सहयोगबाट बालबालिकाको स्वस्थ्य उपचारमा आवश्यक पर्ने पुर्वाधार बन्ने तथा उपचारमा सहजता हुने विश्वास लिएको बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले बताउनु भएको छ ।



# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी ग्राहकहरूलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने ब्यवस्था गरेको छ ।

## ग्राहकहरूलाई विशेष छुट

| क्र.स. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | नेशनल इ.एन.टी सेन्टर | जमल, काठमाडौं | २५ |
| २ | भिभान्ता डेन्टल प्रा. ली. | कमलपोखरी, काठमाडौं | १५ |
| ३ | DR डेन्टो केयर | बनेपा | १५ |
| ४ | हिमाल डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ५ | स्माइल मेकर्स डेन्टल होम | गोदावरी, ललितपूर | २० |
| ६ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |
| ७ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ८ | कास्की मोडल हस्पिटल | नयाँ बानेश्वर | १५ |
| ९ | एरोगिन हेल्थ एण्ड स्किन | बिशालनगर काठमाडौं | ४५ |
| १० | चिरायु नेशनल हस्पिटल | बसुन्धारा, काठमाडौं | १० |
| क्र.स. | होटेल/रिसोट/अनलाईन साईट | ठेगाना | छुट % |
| १ | माइक रेष्टुरेन्ट एण्ड बार | लाजिम्पाट | १० |
| २ | ल्यान्डमार्क होटेलस्, रिसोट एण्ड स्पा | पोखरा | १० |
| ३ | द्विश्य लाउन्ज | नयाँ बानेश्वर | १५ |
| ४ | द हिमालयन ग्रिल सामाखुसी | सामाखुसी | १५ |
| ५ | डालो रेस्ट्रो | बसुन्धारा, काठमाडौं | १० |

## सम्झौता

| क्र.स. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | iDE Nepal | ललितपुर |
| २ | KFW, Germany for SEDRA II | जर्मनी |
| ३ | Dutch fund for Climate & Development (CFCD/SNV) | ललितपुर |

मुक्तिनाथ विकास बैंक
# MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

# FREE ! FREE ! FREE

Activate your
## E-COMMERCE FOR FREE
**For Easy Online Transaction**

अब मुक्तिनाथ VISA डेबिट कार्ड प्रयोग गरि देश भरि **अनलाइनबाटै** सामान खरिद गर्न आजै नजिकैको शाखामा गई **निःशुल्क** E-Commerce Activation गर्नुहोला ।



*शर्तहरू लागू हुनेछन्

scan to know more

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Member of Global Alliance for Banking on Values



मुक्तिनाथ विकास बैंक लि.

**MUKTINATH BIKAS BANK LTD.**

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020